आज मिति २०७८ साल जेठ १५ गते गौरादह नगरकार्यपालिकाको कार्यालय नगरप्रमुख श्री रोहित कुमार साहज्यूको संयोजकत्वमा गौरादह न.पा.को कोभिड १९ संकट रोकथाम तथा प्रतिकार्यात्मक व्यवस्थापन समितिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री रोहित कुमार साह | नगरप्रमुख |
| श्री गीता भेटवाल | नगर उप-प्रमुख |
| श्री राजेन्द्र भट्टराई | प्र.प्र.अ |
| श्री मणिन्द्र कार्की | १ नं वडाध्यक्ष |
| श्री सिताराम भट्टराई | ३ नं वडाध्यक्ष |
| श्री विराजजंग कुँवर | स.प्र.नि. सशस्त्र प्रहरी बल [illegible] |
| श्री रमेश कुमार मेहता | प्र.ना.नि. इ.प्र.का. गौरादह |
| श्री जे.बि. कार्की | अध्यक्ष, गौ.उ.वा. संघ |
| श्री परशुराम भट्टराई | जनस्वास्थ्य अधिकृत |

निर्णय नं.१

नयाँ भेरियन्टको कोभिड-१९ को प्रकोप सुरु भएदेखि हाल सम्म संक्रमण रोकथाम तथा प्रतिकार्यका लागि हाल सम्म भए गरेका कार्यहरुका सम्बन्धमा स्वास्थ्य शाखा प्रमुख तथा समितिका सचिवले पेश गर्नुभयो विवरण तपसील अनुसार रहेको समेतका आधारमा निम्न निर्णय गरियो ।

तपशिल

(क) गौरादह नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख पर्शुराम भट्टराईले गौरादह नगरपालिकाको कोरोना भाइरस संक्रमणको अवस्था,वडागत स्थितिका बारेमा तपशिल बमोजिम जानकारी गराउनु भयो ।

तपशिल

वडागत विवरण

| वडा नं. | संक्रमित संख्या | मृतकको संख्या |
|---|---|---|
| १ | ४० | |
| २ | ३१ | ३ |
| ३ | २२ | |
| ४ | ४७ | ३ |
| ५ | १८ | |
| ६ | ४ | |
| ७ | १९ | |
| ८ | ७ | |
| ९ | ५ | |
| कुल जम्मा | १९३ | ६ |

गौरादह नगरपालिकाको स्थायी वासिन्दा हाल अन्य जिल्लामा वसोवास गर्ने कोरोनाको संक्रमणबाट मृत्यू भएका तर मृत्यूको आधारिक विवरण सहितको कागजात नआएका तपशिल बमोजिम रहेको-

| वडा नं. | मृतकको संख्या |
|---|---|
| १ | १ |
| ४ | १ |
| ५ | १ |
| जम्मा | ३ जना |

- नगरापलिकाको रेकर्डमा रहेका मध्ये हाल संक्रमण मुक्त भएका संख्या ४४ जना,
- मिति २०७८।०२।१३ सम्म आइसोलेसन जुरोपानीमा १ महिला र ४ पुरुष गरि जम्मा ५ जना उपचारार्थ रहेको,
- झापा तथा मोरङ का विभिन्न अस्पतालमा उपचारार्थ संख्या १९ जना,
- होम आईसोलेसनमा रहेका:- ८५ महिला र ६० पुरूष गरि जम्मा १४५ जना,
- दोस्रो भेरियन्ट सुरु भए यता १३६ जनाको पि.सि.आर.गरिएको,
- दोस्रो भेरियन्ट सुरु भए यता २६८ जनाको Rapid Antigen Test,
- गौरादह नगरपालिका संचालन गरेको आइसोलेसन सेन्टरमा ३५ वेड रहेको,

२०७८/३/१४
रोहितकुमार शाह
नगर प्रमुख

Scanned with CamScanner

- गौरादह नगरपालिका संचालन गरेको आइसोलेसन सेन्टरमा १० वटा अक्सिजन सिलिन्डर तयार अवस्थामा रहेको,
- हाल कोभिड-१९ नियन्त्रणका लागि आवश्यक सामाग्रीको स्टोर मौज्दात देहाय बमोजिम रहेको-

१.पि.पी.ई.-१५० वटा,
२.गाउन-१००वटा,
३.हाइपोक्लोराइड-३० लिटर,
४.सेनिटाइजर-२० लिटर,
५.भि.टी.एम.-६०० वटा,
६.एन्टीजेन-५०० वटा,
७.Examination gloves- २५०० वटा,
८.Surgical gloves-५०० वटा,
९.N९५ Masks-५० वटा,

(ख) नयाँ भेरियन्टको कोभिड-१९ को वढ्दो संक्रमण नियन्त्रण र रोकथामका लागि स्वाव परीक्षण तथा विरामीहरुको व्यव्थापनका लागि स्वास्थ्य शाखाबाट प्राप्त सुझावहरु समेतका आधारमा तपशिल बमोजिम रणनीति अंगिकार गरि अगाडि वढ्ने ।

१. लक्षण चिन्ह सहितका ५ दिन नकाटेका संकास्पद विरामीहरुको एन्टीजेन परीक्षणबाट रोग पहिचान गर्ने,
२. पाँच (५) दिन भन्दा वढी समय सम्म लक्षण चिन्ह देखिएका व्यक्तिहरुको पि.सी.आर.विधीबाट परीक्षण गर्ने,
३. एन्टीजेन परीक्षणका लागि पर्याप्त एन्टीजेन किटको प्राप्तिको आवश्यक व्यवस्था मिलाउँने,
४. पि.सी.आर.परीक्षणका लागि मेची अस्पताल,कोटिहोम पि.सी.आर.ल्याब,वि.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपा क्याम्प धरान,कोशी अस्पताल तथा PPHL Biratnagar स्वास्थ्य शाखाले आवश्यक समन्वय गर्ने,
५. वडा स्तरीय कोभिड नियन्त्रण टीमलाई चलायमान गर्ने,
६. कोभिड-१९ को संक्रमण भएका व्यक्तिमा १० दिनमा शरीरको भाईरस मरिसक्ने तथा १४ दिनबाट रोग अरुमा नसर्ने भएकाले फलो अप परीक्षणलाई निरुत्साहित गर्ने,
७. विरामीहरुको समस्यालाई समाधानका लागि विहान ८ देखि १० बजे सम्म र साँझ ४ देखि ६ बजे सम्म दैनिक कोभिड अस्थायी अस्पतालमा खटिनु भएका डा.निरज निरौलालाई विरामीहरुले सम्पर्क गरि परामर्श दिने व्यवस्था मिलाउने,
८. सबै वडा कार्यालयहरुलाई केन्द्र बनाई वडा स्तरमा साप्ताहिक एन्टीजेन परीक्षणको व्यवस्था गर्ने, गराउँने,
९. स्वाव संकलन गर्दा, होम आइसोलेसनमा बसेका विरामीहरुलाई परामर्श दिन जादा वा कन्टयाक्ट ट्रेसिङ्मा जादा खटिएको कर्मचारीहरुलाई स्वास्थ्य सुरक्षाका सामाग्री उपलब्ध गराउने,
१०.हाल महामारी फैलिएको अवस्थामा पनि विवाह,ब्रतबन्ध,जमघट सहितको धार्मिक क्रियाकलाप,गाँउ गाँउमा जुवातासका कारणले संक्रमणको जोखिम वढेकाले वडा कार्यालय र टोल विकास समितिको समन्वयबाट सो कार्यलाई नियन्त्रण गर्ने, गराउँने,
११. कोरोना संक्रमण फैलिएको कुनै पनि स्थान टोलहरुमा ५ जना भन्दा वढी संक्रमित फेला परेमा सो स्थानमा शिल गरि परिक्षणको कार्य गर्ने गराउँने,
१२.सरोकारवालाहरुले समस्या समाधानका लागि सम्बन्धित वडाका स्वास्थ्य फोकल पर्सन/CICT टीम संयोजकलाई सम्पर्क गरि समस्या सामधान गर्न गराउँन अनुरोध गर्ने, यसरी फोन गर्दा सरोकारवालाहरुले सम्पर्क हुन सक्ने फोन नं., टोलको नाम र विरामीको नाम समेत सम्बन्धित व्यक्तिलाई लेखाउने समेत अनुरोध गर्ने।

<u>निर्णय नं.२</u>

हाल विद्युत आपूर्ति अनियमित भई दुर्गा सामुदायिक भवन र जुरोपानी स्वास्थ्य चौकीमा संचालित आइसोलेसनमा समस्या उत्पन्न भएकाले एक\एक सेट इन्भर्टर र व्याट्री खरिद गरि व्यवस्थापन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं.३

गौरादह नगरपालिका वडा नं.४ मा कोरोना संक्रमण धेरै जनामा देखिएकाले सो वडाको तपशिल बमोजिमको क्षेत्रलाई आज मिति २०७८।०२।१४ देखि लागु हुने गरि २०७८।०२।२१ गते सम्म १ हप्ताका लागि सिल गरि कन्टयाक्ट ट्रेसिङ गर्ने गराउँने र सोको परिपालना गर्न गराउँन सुरक्षा निकायहरुले नियमित अनुगमनलाई सघन बनाउँने निर्णय गरियो ।

तपशिल

१.चिउरा मिलबाट रामचन्द्रे खोला दक्षिण सम्म,

२.रामचन्द्रे खोला पश्चिम,गुँरास चोक भद्रकाली सडक उतर धरधरे टोल नँयाबाटो (प्रकाश थापा बाट ज्ञान बहादुरको खेत हुँदै निस्कने बाटो) पूर्व

निर्णय नं.४

कोभिड-१९ को संक्रमण बाट मृत्यू भएका विपन्न वर्गका मृतकका परिवारलाई मृत्यू दर्ता प्रमाणपत्र र कोभिड १९ कै कारण मृत्यू भएको प्रमाण खुल्ने कागजात सम्बन्धित वडा कार्यालयको सिफारिस समेत संलग्न गरि आधारमा काजक्रिया खर्चवापत १०,०००/-(दश हजार) मात्र उपलब्ध गराउन कार्यपालिका वैठकमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.५

कोभिड-१९ विरुद्ध को खोपको उपलब्धताका लागि प्रदेश सामाजिक विकास मन्त्रालय र नेपाल सरकार स्वास्थ्य मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं.६

हाल नँया भेरियन्ट सहितको कोभिड-१९को संक्रमण तिव्र गतिमा वढिरहेको अवस्थालाई मध्यनजर गर्दै नगर प्रमुख श्री रोहित कुमार शाहले प्रयोग गरिरहनु भएको कार्यालयको मे १ झ १६२ नं.को स्कोर्पियो गाडी स्वास्थ्य कर्मीहरुको परिचालन, कन्टयाक्ट ट्रेसिङ सम्बन्धि कार्य, स्वास्थ्य सामाग्री ओसार पसार लगायत कोभिड १९ को संक्रमण रोकथाम प्रतिकार्य र विरामीको उपचारको लागि आवश्यकता अनुसार प्रयोगका लागि स्वास्थ्य शाखालाई उपलब्ध गराउने निर्णय गर्नुभएकाले सोहि बमोजिम गर्ने गराउँने निर्णय गरियो ।

निर्णय नं.७

जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी भएको निषेधाज्ञा लाई पालना गर्ने गराउँने ।

रोहितकुमार शाह
नगर प्रमुख

Scanned with CamScanner